'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १९३ आइतवार २५ फागुन, २०८१ 09 (Sunday) March 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### मुख्यमन्त्री कोहलपुर गोल्डकप

## प्रतियोगिताको उपाधि राईजिङ स्टार फुटबल क्लब नवलपरासीलाई

नमस्ते समचारदाता

कोहलपुर, फागुन/२४




बाँकेको कोहलपुरमा सञ्चालित तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि राईजिङ स्टार फुटबल क्लब नवलपरासीले जितेको छ। आज भएको फाइनल खेलमा नवलपरासीले कोहलपुर रेसिङ साहारा क्लब कोहलपुरलाई २-० गोल अन्तरले पराजित गर्दै उपाधि जितेको हो। कोहलपुर-११स्थित तेह्र विगाह खेल मैदानमा सम्पन्न फाइनल खेलमा पहिलो हाफ बिना गोल सकिएको थियो। दोस्रो हाफमा खेलको ४५ औ मिनेटमा राईजिङ स्टार फुटबल क्लबनवलपरासीका कप्तान विनोद केवटले गोल गरेर टोलीलाई अग्रता दिलाएका थिए। उनले पहिलो गोल गरेको दुई मिनेटमै खेलको ४७ औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गरे। केवटकै उत्कृष्ट खेल प्रदर्शनमा नवलपरासी उपाधि जित्न सफल भयो। विजेता राईजिङ स्टार फुटबल क्लबनवलपरासीका कप्तान विनोद केवट नै खेलको म्यान अफ द म्याच घोषित भए। कोहलपुर गोल्डकपमा पहिलोपटक फाइनल प्रवेश गरेको कोहलपुर रेसिङ साहारा क्लब कोहलपुर भने घरेलु मैदानमा स्तब्ध बन्यो। तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको नवलपरासीले ट्रफीसहित नगद् आठ लाख रूपैयाँ प्राप्त गरेको छ। विजेता नवलपरासीलाई कोहलपुर नगरपालिकाका प्रमुख पूर्ण प्रसाद आचार्यले पुरस्कार प्रदान गरेका थिए। उपविजेता बनेको कोहलपुर रेसिङ साहारा क्लबले भने चार लाख रूपैयाँ प्राप्त गरेको छ। प्लेअर अफ द टुर्नामेन्ट (सर्वोउत्कृष्ट खेलाडी ) को अवार्ड कोहलपुर रेसिङ साहारा क्लबमा विनोद केसीले जिते। उनले ट्रफिसहित ५१ हजार प्राप्त गरे। राईजिङ स्टार फुटबल क्लब नवलपरासीका चेतन थारू वेष्ट डिफेन्डर हुँदै ट्रफीसहित दश हजार रूपैयाँ प्राप्त गरे। यसैगरी, राईजिङ स्टार फुटबल क्लब नवलपरासीकाका प्रतिक सुनारले नगद् हजारसहित उत्कृष्ट गोलकिपरको उपाधि जितेका थिए। राईजिङ स्टार फुटबल क्लब नवलपरासीकै सन्दिप केसीले उत्कृष्ट प्रशिक्षक उपाधि जिते हुन्। राईजिङ स्टार फुटबल क्लब नवलपरासी विनोद केवट र काँक्रेविहार फुटबल क्लबका धनसिंह विक सर्वाधिक गोलकर्ता हुँदै नगद् पाँच-पाँच हजार प्राप्त गरे। उनीहरुले प्रतियोगिता अवधिभर सबैभन्दा धेरै २-२ गोल गरेका थिए। कोहलपुर रेसिङ साहारा क्लबको आयोजनामा फागुन १७ गतेदेखि सुरू भएको प्रतियोगितामा घाना र भारतकासहित आठ टिमको सहभागीता रहेको थियो।

## बाँकेका ८३ जना असल चालक सम्मानित



नमस्ते समचारदाता

कोहलपुर, फागुन/२४

कोहलपुरमा असल चालकहरुलाई सम्मान गरिएको छ। सुरक्षित यात्रा नेपाल केन्द्रिय कार्यालय बुटवलद्वारा बाँके जिल्लाका दमकल, एम्बुलेन्स, बस, ट्रक र ट्र्याक्टर लगायतका चालहरुलाइ सम्मान गरिएको सुरक्षित यात्रा नेपालका अध्यक्ष कृष्ण प्रसाद बेल्बासेले जानकारी दिएका छन। लामो समयसम्म कुनै सवारी दुर्घटना नगरेका र ट्राफिक कार्यबाहिमा नपरेका ८३ जना चालकलाई कोहलपुरमा आयोजित कार्यक्रममा लुम्बिनी प्रदेश प्रहरी प्रमुख दान बहादुर कार्कीको प्रमुख आतिथ्यतामा सम्मान गरिएको हो। चालक सम्मान कार्यक्रममा नेपाल प्रहरी लुम्बिनी प्रदेश प्रमुख डिआइजी दान बहादुर कार्कीले सवारी दुर्घटना रोक्नका लागि चालकहरुको भुमिका अहम हुने बताउदै सबैको सहयोगको आवश्यकता रहेको उल्लेख गरे। उक्त कार्यक्रममा बाँके प्रहरी प्रमुख प्रहरी उपरिक्षक तुल बहादुर कार्की, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका प्रमुख प्रहरी उपरिक्षक श्याम बहादुर खत्री, इलाका प्रहरी कार्यालय कोहलपुरका प्रहरी नायव उपरिक्षक धर्मराज भण्डारी, जिल्ला ट्राफिक कार्यालय बाँकेका प्रमुख प्रहरी निरिक्षक पुष्कर राज पन्त, पत्रकार, बिमा कम्पनीहरु, विधालय लगायतका संघ संस्थाहरुको सहभागीता रहेको थियो। आयोजक संस्था सुरक्षित यात्रा नेपालले सवारी दुर्घटना न्युनिकरण एवं रोकथामको लागी विभिन्न संघ संस्था एवं सरोकारवालाहरुको सहयोग र सहकार्यमा काम गर्दै आईरहेको छ। सडक दुर्घटना न्युनिकरणमा र सुरक्षित यात्राका लागि सुरक्षित यात्रा नेपाल बुटवलले दीर्घकालीन योजना सहित अघि बढिरहेको अध्यक्ष कृष्ण प्रशाद बेल्वासेले बताए। सोही अवसरमा फाल्गुण २३ गते नेपालगन्जमा सम्पन्न ट्राफिक सचेतना सम्बन्धी वक्तृत्वकला कार्यक्रममा क्रमश प्रथम, द्वितिय, तृतिय र सान्तना स्थान प्राप्त गरेका विधार्थीहरुलाई नगद तथा प्रमाणपत्र समेत प्रदान गरिएको थियो। २०८०/०८१९ को प्रहरी तथ्याङ्क अनुसार लुम्बिनीमा सवारी दुर्घटना संख्या ११२०, मृत्यु ४९५ र घाइते १६९४ जना रहेका छन।

## महिला अधिकारको कार्यान्वयन नै आजको आवश्यकता : सांसद सन्जु चौधरी

सरला सुवेदी

कोहलपुर, फागुन/२४




कोहलपुर नगरपालिकाले ११५ औं अन्तर्राष्ट्रिय महिला दिवस भव्य रूपमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाएको छ। 'सबै महिला तथा बालिकाका लागिः अधिकार, समानता र सशक्तीकरण' भन्ने नाराका साथ महिला बालबालिका तथा समावेशीकरण शाखाको संयोजनमा महिला भलिबल प्रतियोगिता, विल्चियर प्रतियोगिता, प्रभातफेरी, सभा लगायतका कार्यक्रम गरिएका छन्। कोहलपुर खुल्ला मैदानमा आयोजित सभालाई सम्बोधन गर्दै लुम्बिनी प्रदेशसभा सदस्य सन्जु कुमारी चौधरीले महिला दिवसको ऐतिहासिक पृष्ठभूमिबारे जानकारी दिँदै महिला अधिकारको दायरा फराकिलो भएको बताउनु भयो। नेपालको संविधानले महिला अधिकारलाई सुनिश्चित गरे पनि व्यवहारिक कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको उहाँको भनाइ थियो। उहाँले समान कामको समान ज्याला अझै सुनिश्चित नभएकाले यसका लागि निरन्तर संघर्ष आवश्यक रहेको बताउनुभयो। नगर प्रमुख पूर्ण प्रसाद आचार्यले महिलाहरूको चेतना स्तर उच्च भए पनि विभेदको अन्त्यका लागि अझै धेरै काम गर्नुपर्ने बताउनुभयो। पछाडि पारिएका महिलाहरूको मुद्दालाई सम्बोधन गर्नुपर्नेमा उहाँले जोड दिँदै अधिकारसँगै कर्तव्यको पालनामा पनि ध्यान दिनुपर्ने बताउनुभयो। नगर उपप्रमुख संगिता सुवेदीले महिलाको राजनीतिक, सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा उल्लेखनीय सहभागिता बढ्दै गएको बताउँदै विभेदपूर्ण व्यवहारमा कमी आएको उल्लेख गर्नुभयो। तर, महिलामाथि हुने हिंसा, भेदभाव हटाउन सबै पक्षले आफ्नो भूमिका निर्वाह गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। कार्यक्रममा दलित महिला संघ बाँकेकी अध्यक्ष निर्मला सुनार, नेकपा समाजवादी नेतृ नारायणी ओली, सामाजिक विकास समिति संयोजक इश्वरी विक लगायतका वक्ताहरूले महिला अधिकारका विषयमा आफ्ना विचार राखेका थिए। महिला बालबालिका तथा समावेशीकरण शाखाकी प्रमुख घटना शाहका अनुसार प्रतियोगिताका विजयी खेलाडीहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो। कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख सीता कार्की, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मान बहादुर गिरी, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, शिक्षक, विद्यार्थी, सहकारीकर्मी लगायतको उपस्थिति रहेको थियो।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# महिला आन्दोलन र सशक्तीकरण

**डा. शशी थापा पण्डित**



बर्सैपिच्छे फागुन २४ अर्थात् मार्च ८ गते नारी दिवस आउँछ । मानव जातिको इतिहासमा उत्पीडित वर्ग र जातिको त्यस्तो कुनै महान् आन्दोलन भएको छैन, जसमा श्रमिक महिलाको संलग्नता नभएको होस् । नारीहरूले स्पार्टकसको दास विद्रोहदेखि सर्वहारा क्रान्तिको युगसम्म आइपुग्दा मुक्ति आन्दोलनमा श्रमिक महिलाले बेजोडको त्याग तपस्या बलिदान एवं साहस र सैन्य क्षमताको प्रदर्शन गरिसकेका छन् । नेपालमा पनि सन् २०१६ मार्च ८ देखि नारी दिवसको रूपमा मनाउने गरिएको छ। विसं २०३७ मा नमीता र सुनीता हत्या काण्डको विरुद्धमा कास्कीका हजारौँ महिलाले भव्य जुलुस प्रदर्शन गरेबाट पञ्चायत विरोधी राजनीतिको प्रतीकको रूपमा नमेटिने छाप बसाल्यो । नालापानीको युद्धमा अङ्ग्रेजी तोप र गोला बारुदको जवाफ खुकुरी र ढुङ्गाको भरमा लडी वीरताको प्रदर्शन गर्न होस् वा राणा विरोधी आन्दोलन नै किन नहोस् । पञ्चायती विरोधी आन्दोलन होस् वा २०६२/०६३ को जनआन्दोलन होस् । वर्गसङ्घर्ष होस् वा ग्रामीण सङ्घर्ष यस्ता सबै आन्दोलनमा संलग्न बनेर नेपाली महिलाले उच्च त्याग, तपस्या, गौरवपूर्ण बलिदान एवं लडाकु क्षमताको वीरतापूर्वक बलिदान गरिसकेका छन् । सन् १९१८ मा योगमाया देवी र दिव्यादेवी कोइरालाको सक्रियतामा 'महिला समिति' नामक संस्था स्थापना गरिएको थियो । त्यसपछि सन् १९४० मा स्वतन्त्रताका लागि लड्ने सेनानीको हत्याले नेपाली महिलालाई पनि अझै सचेत बनायो । चन्द्रकान्ता मल्लले सन् १९४५ मा कन्या विद्यालयको स्थापना गर्नुभयो । सन् १९४८ मा मङ्गलादेवी सिंहको अध्यक्षतामा महिला स्वतन्त्रता र समानता प्राप्तिका उद्देश्यले नेपाली महिला सङ्घको स्थापना भयो । सोही वर्ष हाम्रो देशमा नगरपालिकामा महिला उम्मेदवारी खडा गर्न पाउने र मत दिन पाउने प्रावधान राख्नका लागि नेपाल महिला सङ्घले तत्कालीन प्रधानमन्त्री पद्मशमशेरसमक्ष माग पेस गऱ्यो र सफल भयो । सन् १९४८ मा सामाजिक र राजनीतिक चेतना ल्याउने उद्देश्यले रेवन्तदेवी आचार्यको अगुवाइमा 'आदर्श महिला सङ्गठन' खुल्यो । सन् १९५० मा पुण्यप्रभा देवीको अध्यक्षतामा महिला सङ्गठन स्थापना भयो । सन् १९५२ मा कामाक्षादेवीको अगुवाइमा अखिल नेपाल महिला सङ्घ गठन भयो । सुरुमा विभिन्न महिला नेपाल महिला सङ्घमा एकत्रित हुनुभयो । सन् १९५० देखि १९६० सम्म विभिन्न राजनीतिक विचारधाराले प्रभावित महिला संस्था खुले । नेपाली महिलालाई पश्चिमा महिलाको प्रभावबाट रोक्ने संस्था पनि खुलेको थियो । सामाजिक, राजनीतिक चेतना ल्याउने क्रममा यी सङ्घसंस्था सक्रिय थिए । फलस्वरूप सन् १९५२ मा काठमाडौँ नगरपालिकाको सदस्यमा साधना प्रधान चुनिनुभएको थियो । ती वर्षमा पनि निमित्त सल्लाहकार सभामा महिला सहभागिता नहुँदा महिला सङ्घसंस्था विरोधमा उत्रिएका थिए । तब मात्र महिलाहरू सल्लाहकार सभामा समावेश गरिएका थिए । देशको पहिलो आमनिर्वाचन सन् १९५८ मा द्वारिकादेवी ठकुरानी विजयी भई एसियामै पहिलो महिला मन्त्री बन्नुभएको थियो । सन् १९६० को प्रजातन्त्रविरोधी कदमले सबै प्रकारका सङ्घ संस्थामाथि प्रतिबन्ध लगाएको थियो । त्यसपछि मन्त्रीमण्डलको विघटन भयो निर्दलीय पञ्चायती व्यवस्था आयो । त्यसको विरोध त्यति बेलाका महिलाले गरेका थिए । त्यस अभियोगमा नोना कोइराला, सुष्मा कोइराला र मङ्गलादेवी सिंह जेलमा पर्नुभयो । सोही वर्ष शाही घोषणाको विरोधमा टुँडिखेलमा कालो झन्डा देखाएर विरोध गरेबापत शैलजा आचार्यलगायत गौरी राणा जोशी, सरोज जोशी, विजया शर्मा र उमा शर्मा पक्राउ पर्नुभएको थियो । सन् १९६३ मा जारी गरिएको मुलुकी ऐनले बालविवाह, बहुविवाह, अनमेल विवाह र छुवाछुत जस्ता सामाजिक कुरीतिविरुद्ध कदम उठाएको थियो महिला सङ्गठनले । सामाजिक सेवाको क्षेत्रमा तत्कालीन बडामहारानी ऐश्वर्यराज्यलक्ष्मी देवी शाहको अध्यक्षतामा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् गठन भएको थियो । त्यसताका राजपरिवारका महिला सामाजिक सेवाका क्षेत्रमा सक्रिय हुनुहुन्थ्यो । पञ्चायत व्यवस्थाको विरोधमा ललितपुर, भक्तपुर, कीर्तिपुर सहित विभिन्न जिल्लामा निस्केका जुलुसमा महिला अग्रपङ्क्तिमा रहेका थिए । माओवादी विद्रोहमा पनि त्यहाँ संलग्न संख्या मध्ये ४० प्रतिशत महिला लडाकु हुनुहुन्थ्यो । त्यस्तै २०६२-६३ आन्दोलनमा पनि महिलाहरूको उल्लेख्य संख्यामा जुलुसमा उपस्थिति थियो । केही संख्यामा महिला सहिद पनि भएका थिए । पहिलो पटक आर्थिक, सामाजिक, राजनीतिक सबै पक्षमा छैटौँ पञ्चवर्षीय योजनाले महिलाको महत्व उल्लेख गरेको छ । समूह जमानीमा महिलाहरूलाई ऋण दिने थालनी साना किसान विकास आयोजना अन्तर्गत सुरु भयो । नवौँ योजनाले महिला सशक्तीकरण र समानताको कुरा उल्लेख गरेको छ । महिला उत्थानको प्रयासले आशा गरे जस्तो विकास र सुधार हुन सकेको छैन । आर्थिक अभाव र सामाजिक विसङ्गतिका सिकार भइरहेका छन् नेपाली महिला । विपन्न र महिलावर्गको क्षेत्रमा केही प्रयास भए पनि सबैलाई समेट्ने वातावरण बनिसकेको छैन । केही वर्षयता धेरै सामाजिक सङ्घ सस्था, अन्तर्राष्ट्रिय सङ्घ संस्था र नेपाल सरकार महिला उत्थानमा लागि परेका छन् । विभिन्न गाउँ र जिल्ला स्तरमा स्वतःस्फूर्त रूपमा महिला समूह सामाजिक र आर्थिक सुधारमा संलग्न भएका छन् । महिलाले महिलालाई गर्ने शोषणको समस्या र परम्परागत कुप्रथा, बेचबिखन र बुहार्तन पनि उत्तिकै समस्याका रूपमा छन् । महिला भएकै कारण शिक्षाको अवसरमा पहिलो प्राथमिकतामा नपर्नु, आर्थिक कारोबारमा बाधा र स्वास्थ्य सुविधाबाट वञ्चित जस्ता समस्याहरू भोगिरहेका छन् । के नारीले समाजमा पाउनुपर्ने स्थान र खोजेको अधिकार संसारभरि नारी दिवस मनाउन थालिएका एक शताब्दी बितिसक्दा प्राप्त गर्न सकेका छन् त ? तर पनि नारी विकासका दिशामा केही पनि भएको छँदै छैन भन्ने चाँहि होइन । नारीले अधिकार खोज्न थालेको अवस्थादेखि पछिका दिनमा नारी जगत्ले अनेकन उपलब्धि हासिल गर्दै आएका छन् । तथापि नारी सशक्तीकरणतर्फ हुनुपर्ने काम भने अझ धेरै बाँकी छन् । सिद्धान्त र कानुनी रूपमा काम केही भएका देखिए पनि व्यावहारिक रूपमा भने सोचे अनुरूपको प्रगति महिलाको पक्षमा हुन सकेको छैन । विकसित मुलुकका दाँजोमा विकासोन्मुख अथवा अतिकम विकसित देशका नारीको स्थिति कहालीलाग्दो छ । अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा नेपालको सन्दर्भ केलाउँदाको अवस्था उत्साहजनक देखिँदैन । युगौँदेखिका बेथिति उस्तै छन् र संवैधानिक तथा कानुनी हिसाबमा महिलाले केही अधिकार प्राप्त गरेपनि व्यावहारिक धरातलमा कार्यान्वयनको पक्ष न्यून छ । विभेदकारी कानुन पूर्ण रूपमा हट्न सकेका छैनन् । अनेकौँ प्रलोभन वा जोर जुलुमबाट महिलालाई देहव्यापारमा संलग्न गराइने गरेको यथार्थ तस्बिर हाम्रोसामु छ । त्यस्तै छ महिनादेखि ७० वर्षसम्मका नारीहरू बलात्कार भएर दिन दिनै मारिएका छन् । भारत, तिब्बत, खाडी मुलुक आदि देशमा नारकीय जीवन बिताउने महिला धेरै छन् । बोक्सीको नाममा अवला महिलालाई ज्युँदै जलाइँदै छ । आफ्ना खुसीमा रम्न होस् वा छोरा नपाएको निहुँमा जिम्मेवार पद धारण गरेका व्यक्तिबाट नै श्रीमतीहरू मारिएका मारिएकै छन् । घरेलु हिंसाको सिकार, बलात्कार, बेचबिखनका सिकारबाट नेपाली महिला उम्कन सकेका छैनन् । नारी हक, हितका आवाज तथा आश्वासन प्रशस्तै मुखरित हुँदै छन् तर पनि तिनीहरूको अक्षरशः पालना गरिएको यथार्थ छैन । छोरीलाई अंश दिने कुरा होस् वा आमाको नामबाट नागरिकता लिने काम नै किन नहोस् हैर ानीको पक्ष बनिरहेको छ । प्रशासनिक, राजनीतिक, आर्थिक जस्ता हरेक देश र समाजका महत्वपूर्ण क्षेत्रमा नारी सहभागितामा कमी रहेको छ । महिला सहस्राब्दी विकास लक्ष्यका निम्ति महिलामाथि हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र घोषणापत्रप्रति नेपालले प्रतिबद्धता प्रकट गरेको छ । क्षमता, योग्यता र मेहनतले गर्नुपर्ने काममा क्षमता नै खोज्छन् । यसका लागि महिलाले आफ्नो क्षमता नै अभिवृद्धि गर्नु पर्छ । महिला आफैँ अगाडि नबढी समाजमा स्थापित हुन सक्दैनन् । यसका लागि महिलाविरोधी हिंसामा दण्डहीनता अन्त्य, प्रजनन् स्वास्थ्यमा पहुँच, सम्पत्तिमा महिला अधिकार, श्रम संरक्षणमा समान पहुँच, सरकारी निकायमा महिला सहभागिता वृद्धि, विभेदकारी कानुनहरू खारेजी, शान्ति सुरक्षा प्रक्रियामा महिला सहभागिता अभिवृद्धि, अन्तर्राष्ट्रिय सन्धिसम्झौताको पालना जस्ता विषयवस्तु बुझ्नु आवश्यक छ । यस निम्ति पाठ्यक्रममा यी विषयलाई समावेश गरेर बोधगम्य बनाउनु पर्छ र जनस्तरसम्म पुर्याउने योजना बनाउनु पर्छ, यसले गर्दा सहरबजार केन्द्रित कामहरू ग्रामीण क्षेत्रमा बसोबास गर्ने बहुसंख्यक महिला पनि यसको दायरामा छिर्न सक्छन् । समुदाय क्षेत्रमा महिलाले गरेका कार्य उल्लेखनीय देखिएका छन् । सामुदायिक वन उपभोक्ता समूह यसैको उदाहरण हो । समुदायमा आधारित सिँचाइ कार्यक्रममा महिला उपभोक्ता समूहले गरेका काममा अनुसन्धान गरेर अमेरिकी प्राध्यापक ओस्ट्रमले नोबल पुरस्कार नै हात पार्नुभयो । हैसियत बिग्रिएको वन, हैसियत बिग्रिएका गाउँले समुदायलाई सरकारले हस्तान्तरण गरेपछि संसारलाई नै अचम्ममा पार्ने उदाहरण नेपालभर प्रस्तुत भएका छन् । सामुदायिक वन उपभोक्ताहरूको छाता सङ्गठन फेकोफन अहिले सुशासन र समुदायलाई अधिकार सम्पन्न पार्ने यस्तो संस्था बनेको छ, जसमा महिला संख्या बढी हुनुको साथै प्रायः निर्णय तहमा महिलाकै वर्चस्व छ । हुन त महिला सहस्राब्दी विकास लक्ष्यको उद्देश्यमा महिलालाई नै अधिकार सम्पन्न तुल्याउने सोच हो तर के अबको बाँकी समयमा पारिवारिक, सामाजिक, राजनीतिक, प्रशासनिक तहका निर्णय प्रक्रियामा महिला सशक्त हुनसक्छन् त ? स्वास्थ्य सेवामा महिला पहुँच अब चार वर्षमा ग्यारेन्टी हुन सक्छ त ? रोजगारीमा महिला पहुँच बढ्छ ? ज्यालामा लैङ्गिक असमानता र महिला हिंसा निर्मूल हुन्छ ? लैङ्गिक असमानता जनाउने विभेदकारी कानुन संशोधन र नयाँ निर्माण यसबिच सम्भव छ ? कुनै गाउँ जिल्लामा गरेका एकदुई एनजिओ आइएनजिओ अनि सरकारी निकायको कर्मचारीतन्त्रको टिप्पणी र कागजी खेस्राले के महिलालाई रोजगार बनाउन सकिन्छ ? लैङ्गिक सचेतना कार्यक्रममा केही व्यक्ति जम्मा पारेर भाषण गर्दैमा प्रभावकारी हुन्छ ? महिला विरुद्धका हिंसाका घोषणाले महिला हिंसा कम भएका छन् ? चुनावमा उम्मेदवारी बनाएर महिलालाई भेला गराएर गरिएको भाषणबाजीले के निर्वाचनभित्रको राजनीति सम्बोधन भइहाल्छ ? यी यावत् कुरामा अधिकारका लागि महिलाले समाजसँग अझ धेरै लड्न बाँकी नै छ । नेपालमा पछिल्लो समय महिला आन्दोलन डिजिटल प्रविधिसँग जोडिएका छन् । लैङ्गिक हिंसाविरुद्ध सामाजिक सञ्जालमा मि टु, रेप प्रोटेस्ट टीवाइएफ ओमेन राइट्स जस्ता अभियानहरूले आवाज उठाइरहेका छन् । न्यायका लागि सडकमा निस्किनुका साथै अनलाइन माध्यमबाट दबाब सिर्जना गर्न महिलाहरू सफल भएका छन् । यस प्रकार सन् १९१० मा डेनमार्कको राजधानी कोपनहेगनमा दोस्रो समाजवादी महिलाहरूको अन्तर्राष्ट्रिय सम्मेलनमा ८ मार्चका दिन समाजवादी नेत्री क्लारा जेटकिनले 'अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस' मनाउन राखेको प्रस्ताव पारित हुनुले यो दिवस आजपर्यन्त जीवित छ । नेपालले पनि ८ मार्चका दिन विश्वका अन्य राष्ट्रहरूमा झैँ अन्तर्राष्ट्रिय नारी दिवस मनाउँदै आएको छ । यो वर्ष पनि युवती र महिला अधिकारका कुराहरू लिएर विभिन्न कार्यक्रम गरेर यो दिवस मनाइँदै छ । *–गोरखापत्र*

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

# बैतडीमा ५३ सयभन्दा बढी परीक्षार्थी एसइईमा सहभागी हुँदै



नमस्ते समचारदाता
बैतडी, फागुन/२४

बैतडीमा माध्यमिक शिक्षा परीक्षा (एसइई)को तयारी पूरा भएको छ। जिल्लाका २७ वटा परीक्षा केन्द्रबाट पाँच हजार तीन सयभन्दा बढी विद्यार्थी एसइईमा सहभागी हुने भएका छन्। आगामी चैत ७ देखि १९ गतेसम्म सञ्चालन हुने एसइईका लागि नियमित र ग्रेडवृद्धि गरेर पाँच हजार तीन सय ६२ जना परीक्षार्थी सहभागी हुने शिक्षा विकास तथा समन्वय एकाइ कार्यालय बैतडीका प्रमुख नरेन्द्र अवस्थीले बताउनुभयो। एसइईमा साधारणतर्फका नियमित दुई हजार ११५ छात्रा र एक हजार ९७६ छात्र गरेर चार हजार ९१ परीक्षार्थी सहभागी हुने शिक्षा विकास तथा समन्वय एकाइ बैतडीका सूचना अधिकारी पुष्कर शर्माले बताउनुभयो। यस्तै, प्राविधिक धारतर्फका नियमित ९६ छात्रा र एक सय २० जना छात्र गरेर दुई सय १६ जना परीक्षाथी सहभागी हुने सूचना अधिकारी उहाँले बताउनुभयो। यस्तै, पाँच सय ८६ छात्रा र चार सय ६९ छात्र गरेर एक हजार पाँच जनाले ग्रेडवृद्धि परीक्षा दिने शर्माले बताउनुभयो। जिल्लामा यो वर्ष एसइई परीक्षा सञ्चालनका लागि २७ वटा केन्द्र निर्धारण गरिएका छन्। प्राविधिक धारतर्फको परीक्षा र ग्रेड वृद्धि परीक्षा सञ्चालनका लागि जिल्ला सदरमुकाममै केन्द्र निर्धारण गर्नुपर्ने राष्ट्रिय परीक्षा बोर्डको परिपत्र अनुसार यो वर्ष थप दुई वटा केन्द्र निर्धारण गरिएका प्रमुख अवस्थीले बताउनुभयो। प्राविधिक धारतर्फका परीक्षार्थीका लागि विरेन्द्र मावि शाहीलेक (ख) र ग्रेड वृद्धिका लागि विरेन्द्र मावि शाहीलेक (ग) केन्द्र तोकिएको छ। जिल्ला भरीमा एक सय २८ वटा सामुदायिक र पाँच वटा संस्थागत विद्यालयका परीक्षार्थीले एसइईमा सहभागिता जनाउने छन्। यस्तै, निङ्लाशैनी मावि देहीमाण्डौं, कृष्ण मावि पाटन, सनातनधर्म मावि श्रीकोट, डिलेश्वरी मावि हाट, अर्जुन मावि गाँजरी, मणिलेक मावि काँडा मेलौली, दुर्गा मावि खलिगाड, विजयपुर मावि तितावै, सेटीगाउँ मावि ककरपाखा, ज्ञानेश्वर मावि विजयपुर, कुलाउँ मावि कुलाउँ, मणिलेक मावि गुरुखोला र दुर्गा मावि सिमारलाई केन्द्र निर्धारण गरिएको छ। यस्तै, रौलेश्वर मावि रामकी बरायल, केदार नागार्जुन मावि बग्लेखान, खेती मावि तल्लादेही, शिक्षा केन्द्र अमर मावि धामीगाउँ, दशरथचन्द मावि सुन्दरखाली, लेकलुपुँड मावि गड, पहरौल मावि बागा, नेपाल राष्ट्रिय मावि ग्वानी, केदार मावि पिपलकोट, महेश्वरी मावि न्वाघर र नागार्जुन मावि शर्मालीलाई केन्द्र तोकिएको शिक्षा विकास तथा समन्वय एकाइ कार्यालय बैतडीले जनाएको छ।

# जुम्लामा महिला मिलेर खोले 'आमा घर'




नमस्ते समचारदाता
जुम्ला, फागुन/२४

जुम्लामा हिंसा पीडित महिलाको सशक्तिकरण, आपतकालीन आश्रय, न्याय पैरवीका लागि 'दिमा आमा घर'को स्थापना गरिएको छ। बढिरहेको हिंसालाई न्यूनिकरण गर्न तथा न्यायीक निकायमा पुर्याउने भन्दै सात जना घरेलु हिंसा पीडित महिलाले कार्यालय स्थापना गरेका हुन्। जुम्ला सदरमुकामको चन्दननाथ नगरपालिका ६ मा आमा घर स्थापना गरिएको हो। ११५ औँ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा संस्थाका अध्यक्ष दिलमाया शाहीले जुम्लामा आमा घरको आवश्यकताका विषयमा जानकारी दिनुभयो। उहाँले जुम्लामा पत्रकारिता क्षेत्रबाट गरेको सेवावाट आफूसँग जोडिएका सात जना महिला मिलेर हिंसा पीडितकाको न्याय, आत्मनिर्भरता, पैरवी तथा सशक्तिकरणका लागि दिमा आमा घर स्थापना गरिएको जानकारी दिनुभयो। संस्थाले हिंसामा परेका महिला र छोरीलाई आश्रय सहित न्यायको पैरवीसँगै स्वास्थ्य उपचारमा सघाउने छ। जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्य, गाउँपालिका राष्ट्रिय महासंघका केन्द्रीय सदस्य तथा सिँजा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धिताल, प्रमुख जिल्ला अधिकारी रामबहादुर शाही, तातोपानी गाउँपालिका उपाध्यक्ष रेवती रावल संस्थाका अध्यक्ष दिलमाया शाही सहितले उद्घाटन गर्नुभएको हो।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# अन्तर्राष्ट्रिय नारी दिवसमा गोरखापत्रकर्मी गिरी सम्मानित



नमस्ते समचारदाता
नेपालगन्ज, फागुन/२४

११५ औँ अन्तराष्ट्रिय नारी दिवसको अवसरमा नेपालगन्ज उपमहानगरपालिद्वारा गोरखापत्रकर्मी साबित्री गिरी सम्मानित हुनुभएको छ। गिरी सहित ६ कार्यक्रममा उद्योगी, पत्रकार र सामाजिक अभियन्ता गरी ६ जना महिलालाई सम्मान गरिएको हो। सम्मानित हुनेहरूमा महिला उद्यमीतर्फ आशा शार्की, लक्ष्मी बम र नानीमाया पुरी रहनुभएको छ। यसैगरी क्रियाशिल पत्रकार महिलातर्फ साबित्री गिरी र रूपा गहतराज सम्मानित हुनुभएको छ भने सामाजिक अभियन्तातर्फ शाहिदा बानो सम्मानित हुनुभएको छ। यस पटकको नारी दिवसको नारा "सबै महिला तथा बालिकाका लागि :अधिकार, समानता र सशक्तीकरण" रहेको छ। महिला अधिकारका क्षेत्रमा काम गर्नेहरू नेपालगन्जमा एकजुट भएर ११५ औँ अन्तराष्ट्रिय नारी दिवस मनाएका हुन्। दिवसका अवसर मा नेपालगन्ज उपमहानगर पालिकाबाट सुरु भएको र्‍याली विपीचोक, धम्बोजीचोक, सेतुविक चोक, न्युरोड, त्रिभुवन चोक हुँदै पुनः नेपालगन्ज उपमहानगरपालिकामा पुगेर कार्यक्रममा परिणत भएको थियो। आयोजक मूल समारोह समिति एवं नगर स्तरीय लैङ्गिक हिंसा निगरानी सञ्जाल नेपालगन्ज उपमहानगर पालिकाका संयोजक केशब कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा बोल्ने वक्ताहरूले महिला अधिकार स्थापित गर्नका लागि सामुहिक एकता र अभियानको खाचो रहेकोमा जोड दिएका थिए। उनिहरुले महिलाहरूले निर्वाह गरिरहेको दायित्वलाई अर्थपुर्ण रूपमा लिनुपर्ने धारणा राखेका थिए। कार्यक्रमा प्रमुख अतिथि तथा लुम्बिनी प्रदेशका सांसद मिना श्रेष्ठले अहिले पनि महिला हिंसाका घटना घटिरहेको हुँदा सबै सचेत दिदीबहिनीहरूले प्रभावकारी भूमिका निभाउनुपर्ने बताउनुभयो। महिला अधिकारका लागि आफूले पनि निरन्तर सङ्घर्ष गरिरहेको बताउँदै उहाले महिलाका नाममा निकाशा हुने बजेटमा चासो दिन पनि आग्रह गर्नुभयो। कार्यक्रममा जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी उपरिक्षक तुलबहादुर कार्कीले महिला अधिकारका विषयमा प्रकाश पार्दे ट्राफिक नियमको पनि पालना गर्नुपर्ने धारणा राख्नुभएको थियो। कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग नेपालगन्जमा प्रमुख द्वारिक अधिकारीले महिला आन्दोलनले स्थापित भएको महिला अधिकारलाई अब व्यावहारिक बनाउन जरुरी रहेको बताउनुभयो। कार्यक्रममा नेपाल पत्रकार महासङ्घ बाँकेका अध्यक्ष नविन गिरीले महिलाहरूको हकहितका लागि सञ्चार क्षेत्रबाट निरन्तर भूमिका निर्वाह भइरहेको र आगामि दिनमा पनि निरन्तर लागि पर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। कार्यक्रममा नेपालगन्ज उपमहानगरपालिका न्यायिक समितिका सदस्य रुमिता श्रेष्ठ र नेपालगन्ज उपमहानगरपालिका कार्यपालिका सदस्य संगिता रेग्मी लगायतले बोल्नुभएको थियो। कार्यक्रममा २ सय भन्दा धेरैको सहभागिता रहेको थियो। दिवसको पूर्वसन्ध्यामा नेपालगन्जमा अन्य कार्यक्रमहरू पनि भएका थिए। जसअन्तर्गत दिवसको अवसरमा नगरस्तरीय बालक्लब सन्जालका पदाधिकारीलाई ३ दिने स्थानीय बालमैत्री कार्यक्रम सम्बन्धी तालिम सञ्चालन गरिएको थियो। ग्रामिण क्षेत्रमा महिला पुरुष समविकास तालिम ३ दिने सञ्चालन र कृपा हस्पिटल र सामुदायिक प्रहरी सेवा व्यवस्थापन केन्द्रको आयोजनामा कृपा हस्पिटलमा विपन्न अवस्थाका महिलाहरूको निःशुल्क पाठेघरको क्यान्सर परिक्षण कार्यक्रम गरिएको नेपालगन्ज उपमहानगर पालिका महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाका प्रमुख पवित्राकुमारी पुरीले बताउनुभयो।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईंहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यूरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
सान्नीत्रिवेणी गाउँपालिका
कालिकोट

# नगरपालिका जोड्ने मुख्य सडक अलपत्र

नमस्ते समचारदाता

रुकुमपश्चिम, फागुन/२४



रुकुमपश्चिमको आठबिसकोट नगरपालिकाको केन्द्र जोड्ने चिसापानी - राडीज्युला सडक निर्माणको काम अलपत्र अवस्थामा छ। निर्माणको जिम्मा पाएको ठेकेदार कम्पनीले तोकिएको समयमा काम नगर्दा नगरपालिकाको महत्वपूर्ण मानिएको सडक अलपत्र परेको हो। पूर्वाधार विकास कार्यालयमार्फत भएको ठेक्का पाएको ठेकेदार कम्पनी पिएस जिएसएचसी जेभी काठमाडौँले सडक निर्माणका लागि सम्झौता भएको लामो समयसम्म पनि काम नियमित नगर्दा सडक अलपत्र परेको हो। ठेकेदारको अटेरीले चार वर्षमा पनि आयोजनाको काम हुन नसकेको आठबिसकोट नगरपालिका प्रमुख रवि केसीले जानकारी दिनुभयो। उहाँका अनुसार सडक अलपत्र अवस्थामा हुँदा स्थानीयवासी, यात्रु तथा यातायात व्यवसायीसमेतले सास्ती पाएका छन्। ठेकेदार कम्पनी र पूर्वाधार कार्यालयबिच २०७८ जेठ ३ गते ३३ करोड ४८ लाख ८९ हजार ८७३ रुपियाँमा आठबिसकोट नगरपालिका-११, चिसापानीदेखि पालिकाको केन्द्र राडीबजार सम्मको आठ किलोमिटर सडक निर्माणसहित चिसापानी, राडी, नदुवा, मुसीकोट, माछिमी सडक कालोपत्रेका लागि सम्झौता भएको थियो। निर्माण कम्पनीलाई नगरपालिकाका तर्फबाट समेत समयमै सडक निर्माणका लागि पटक पटक लिखित तथा मौखिक रूपमा अनुरोध गर्दा पनि अटेरी गरिरहेकोले पूर्वाधार विकास कार्यालयमा ध्यानाकर्षणपत्रसमेत पेस गरिएको नगरप्रमुख केसीले जानकारी दिनुभयो। उहाँका अनुसार निर्माण व्यवसायीबाट काम गर्नुको साटो विभिन्न बहानामा म्याद थप गर्ने काम मात्र भएको छ। जसका कारण यो सडकखण्ड हुँदै आवातजावत गर्न दिनहुँ समस्या बढ्दै गएको छ। निर्माणको जिम्मा पाएको ठेकेदारलाई तोकिएको समयमै काम सम्पन्न हुने अवस्था सिर्जनाका लागि पूर्वाधार कार्यालयमा ध्यानाकर्षणपत्र पेस गरिएको नगरप्रमुख केसीले बताउनुभयो। ध्यानाकर्षणपत्रको बेवास्ता भएमा ठेकेदार कम्पनी र सम्बन्धित कार्यालयविरुद्ध नगरपालिकाले सङ्घर्ष गर्ने चेतावनीसमेत दिएको छ। पूर्वाधार विकास कार्यालयका अनुसार अहिलेसम्म ४० प्रतिशत मात्र भौतिक प्रगति भएको छ। कार्यालयका तर्फबाट तोकिएको समयमै काम सम्पन्न गर्न निर्देशनसमेत गरिएको छ। कार्यालय प्रमुख रामचन्द्र बिसीले २०८२ जेठ २० गते भित्र काम सम्पन्न गरिसक्नुपर्ने सम्झौता रहेको जानकारी दिनुभयो। तोकिएको समयमा काम हुने सम्भावना भने न्यून रहेको बताइन्छ। सडक निर्माणको काम अलपत्र हुँदा आठबिसकोटबाट जिल्ला सदरमुकाम मुसीकोट, काठमाडौँ, नेपालगन्ज, दाङ, सुर्खेत जाने यात्रुहरूले सास्ती पाउने गरेका छन्। बर्सौंसम्म बाटोको अवस्थामा सुधार नहुँदा स्थानीयले समेत दुःख पाउँदै आएको गुनासो गरेका छन्।

# ‘विद्यार्थी पलायन रोक्न समयानुकूल शिक्षा’

नमस्ते समचारदाता

सुर्खेत, फागुन/२४



प्रधानमन्त्री एवं मध्यपश्चिम विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीले विश्वविद्यालयहरूले समयानुकूल विषयलाई प्राथमिकता दिएर विद्यार्थीलाई विदेश पलायन हुनबाट रोक्न सुझाव दिनुभएको छ। उहाँले बेरोजगार बढाउने शिक्षाको आवश्यकता छैन भन्दै सबै विश्वविद्यालयले प्रविधिमैत्री, खोज अनुसन्धानमूलक र विदेश पलायन हुनबाट रोक्ने विषय तथा कार्यक्रमहरू सञ्चालन गर्न जोड दिनुभयो। शुक्रबार सुर्खेतस्थित मध्यपश्चिम विश्वविद्यालयको तेस्रो दीक्षान्त समारोहमा प्रधानमन्त्री ओलीले उत्पादनमुखी र रोजगारीमूलक कार्यक्रमहरूको साथै आआफ्नो प्रदेश र क्षेत्र अनुसारको पढाइ गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, “उच्च शिक्षा अध्ययनका नाममा लाखौँ विद्यार्थी र अर्बौं पुँजी विदेश पलायन भएका छन्, अब मुलुकमा रहेका विश्वविद्यालयले समयानुकूल विषय र कार्यक्रमहरूका माध्यमबाट यसलाई रोक्नु पर्दछ।” विश्वविद्यालयबाट दीक्षित भएका विद्यार्थी देशको सक्षम नागरिक भएकाले उनीहरूबाट देशले धेरै अपेक्षा गरेको उहाँको भनाइ छ। उहाँले नयाँ पिँढीलाई किताबी ज्ञानका साथै अब त्योभन्दा परको खोज अनुसन्धानमा लागी सामन्ती र सङ्कीर्ण सोच नराखी अगाडि बढ्न आग्रह गर्नुभयो। उहाँले मध्यपश्चिम विश्वविद्यालय आगामी शैक्षिक सत्र मार्फत विद्यार्थीको रोजाइको विश्वविद्यालय बन्दै जाने विश्वास पनि व्यक्त गर्नुभयो। प्रधानमन्त्री ओलीले शिक्षा भनेको डिग्री प्राप्त गर्नु मात्र होइन भन्दै जीवनलाई सही दिशा दिने मार्ग पनि भएकाले राष्ट्रलाई आवश्यक पर्ने दक्ष जनशक्ति तयार गर्ने साझा जिम्मेवारी विश्वविद्यालयहरूको भएको जनाउनुभयो। उहाँले प्रविधिमैत्री शिक्षा, अनुसन्धानमा आधारित अध्ययन र नवीन उद्यमशीलताको अभिवृद्धि गर्दै देशभित्रै रोजगारीका अवसर सिर्जना गर्न सरकार प्रतिबद्ध पनि भएको जिकिर गर्नुभयो। पेट्रोलियम खानी, जडीबुटी र धार्मिक तथा सभ्यताको स्थान रहेको कर्णाली प्रदेशको यस मध्यपश्चिम विश्वविद्यालयले कर्णालीको पहिचानलाई उज्यालो बनाउने जनशक्ति तयार पारेकोमा आफूलाई निकै खुसी लागेको उहाँले बताउनुभयो। साथै आगामी दिनमा यसको जनशक्तिले देश विकासमा हातेमालो गर्ने अपेक्षा आफूले गरेको उहाँको भनाइ छ। समारोहमा भारतको जवाहरलाल नेहरू विश्वविद्यालयका अग्रज प्राध्यापक महेन्द्र पी लामाले विश्वविद्यालयले देशको आवश्यकता पूरा गर्ने जनशक्तिहरू तयार पार्ने हुँदा मध्यपश्चिम विश्वविद्यालयले पनि देशको आवश्यकता पूरा गर्ने जनशक्ति तयार पारेको उल्लेख गर्नुभयो। उहाँले समयको माग अनुसारका विषय, खोज र अनुसन्धान हुनुपर्ने सुझावसमेत दिनुभयो। यस्तै विश्वविद्यालयका उपकूलपति प्राडा ध्रुवकुमार गौतमले कर्णाली प्रदेशको समग्र आर्थिक, सामाजिक, प्राकृतिक अवस्थालाई मध्यनजर गर्दै समयसापेक्षा शिक्षा प्रदान गरेको बताउनुभयो। उहाँले शिक्षाको बजारमा प्रतिस्पर्धी जनशक्ति तयार पारेको दाबी गर्दै उच्च शिक्षालाई आत्मनिर्भर बनाउने प्रयास गरिएको उल्लेख गर्नुभयो। साथै उहाँले आगामी दिनमा शिक्षालाई रैथाने ज्ञान, सिप र व्यवहारसँग जोड्दै उत्पादनमुखी बनाइने पनि उल्लेख गर्नुभयो। विश्वविद्यालयबाट विभिन्न सङ्कायका स्नातक तहका दुई हजार १८९ जना, स्नातकोत्तर तहका एक हजार ६३३ जना र दर्शनाचार्य शोधकार्य गरेका १९ जना गरी कुल तीन हजार ८४१ जना विद्यार्थी दीक्षित भएका छन्। दीक्षान्त समारोहमा ८८५ जना विद्यार्थी सहभागी थिए। सो अवसरमा कुलपति पदकबाट गृष्मा पिया, मोनिका सैँजु र श्रवणकुमार महतारा सम्मानित हुनुभएको छ भने उपकुलपति पदकबाट स्वस्तिका गोदाल, पूर्णिमा आचार्य र अनु अर्याल सम्मानित हुनुभएको छ। २०६७ असार ३ गते स्थापना भएको मध्यपश्चिम विश्वविद्यालयमा हाल १० हजार ३८२ जना विद्यार्थी अध्ययनरत छन् भने ३३८ जना प्राध्यापक र २०८ जना कर्मचारी कार्यरत छन्।

# पर्यटन प्रवर्धन गर्न पूर्वाधार निर्माण




नमस्ते समचारदाता

सुर्खेत, फागुन/२४

कर्णाली प्रदेश सरकारले पर्यटन प्रवर्धन गर्न पूर्वाधार निर्माणमा जोड दिएको छ। बजेटको स्रोत सुनिश्चित गरेर पूर्वाधार निर्माणको काम अघि बढाइएको हो। अघिल्ला आर्थिक वर्षमा बजेटको स्रोत सुनिश्चित नगरी पूर्वाधार निर्माणको काम सुरु गर्दा योजना अलपत्र पर्ने गरेका थिए। चालु आवमा पुँजीगत खर्च बढाउन र पूर्वाधार निर्माण गरेर पर्यटन प्रवर्धन गर्न सरकारले चासो देखाएको छ। बजेट कार्यान्वयन गर्न रणनीतिक योजना निर्माण गरिएको प्रदेश सरकारले जनाएको छ। विकास बजेट खर्च कार्यान्वयनलाई गतिशील बनाउन रणनीतिक योजना निर्माण गएिको मुख्यमन्त्री यामलाल कँडेलले बताउनुभयो। उहाँका अनुसार आवश्यकता र औचित्यका आधारमा बजेटको स्रोत सुनिश्चित गरेर पूर्वाधार निर्माण थालिएको छ। सरकार फेरबदल भइरहे पनि योजना कार्यान्वयन निरन्तर भइरहने नीति अनुरूप बजेट कार्यान्वयनका लागि रणनीतिक योजना बनाइएको प्रदेश सरकारले जनाएको छ। पर्यटकीयस्थल रारासम्म पुग्ने सडक निर्माणका लागि बजेटको स्रोत सुनिश्चित गरिएको छ। ताल्चादेखि रारासम्म सडक कालोपत्रेका लागि बजेटको स्रोत सुनिश्चित गरिएको प्रदेश सरकारले जनाएको छ। पर्यटन प्रवर्धनका लागि सरकारले सडक निर्माण गर्न लागेको छ। सडक निर्माणका लागि बजेटको स्रोत सुनिश्चित भई टेन्डर आह्वान गर्न लागिएको पूर्वाधार विकास कार्यालय मुगुले जनाएको छ। करिब सात किलोमिटर सडक निर्माणका लागि नौ करोड ८७ लाख रुपियाँ बजेटको स्रोत सुनिश्चित भएको कार्यालय प्रमुख केशव बस्नेतले बताउनुभयो। उहाँका अनुसार सडक निर्माणका लागि यसअघि नै डिपिआर बनिसकेको छ। यसैबिच सुर्खेतको पर्यटकीय स्थल गोठीकाँडा आसपासका सडक निर्माणका लागि टेन्डर आह्वान गरिएको छ। छेडा-गढी-श्रीचौर-कल्याणकाँध सडकको पनि स्तरोन्नतिसहित कालोपत्रेका लागि टेन्डर प्रक्रिया सुरु गरिएको पूर्वाधार विकास निर्देशनालय सुर्खेतले जनाएको छ। उक्त खण्डमा सात किलोमिटर सडक कालोपत्रे गरिने छ। माघ ४ गते टेन्डर आह्वान गरिएको निर्देशनालयका सूचना अधिकारी वीरेन्द्रजङ्ग शाहीले बताउनुभयो। सडक निर्माणसँगै सुर्खेतको माथिल्लो भेगमा सडक सहज पहुँचका साथै कर्णाली राजमार्ग जोड्ने छ। यस्तै सुर्खेतको प्रमुख पर्यटकीय स्थल बुलबुलेमा नयाँ ताल निर्माण कार्य सुरु गरिएको छ। चरा र पानी संरक्षणका लागि भन्दै वीरेन्द्रनगर गुरुयोजना कार्यान्वयन अन्तर्गत ताल निर्माण गर्न लागिएको हो। प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको भू तथा जलाधार व्यवस्थापन कार्यालयको एक करोड १२ लाख ३६ हजार रुपियाँमा ताल निर्माण गर्न लागिएको हो। २०८२ साल असार १० गतेभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी प्रवीण निर्माण सेवाले निर्माणको जिम्मा लिएको छ। भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्रमुख शेखर चपाईंका अनुसार अहिले पानीको स्रोत भए पनि चुहावट भइरहेको छ। यस वर्ष प्रदेश सरकारले पर्यटकीय स्थलको पहिचान, संरक्षण तथा पुनर्निर्माण गर्ने भएको छ। चालु आवको नीति तथा कार्यक्रममा समेटेर उक्त योजना ल्याएको हो। प्रदेशकै प्रमुख आकर्षक पर्यटकीय गन्तव्य स्थलसम्म पुग्न पूर्वाधार निर्माण गर्न लागिएको हो। पर्यटकीय स्थलको संरक्षण गर्ने उद्देश्यले मुगुको राराताल, सुर्खेतको काँक्रेविहार, बुलबुले उद्यान तथा चौघान पार्क र रुकुमपश्चिमको स्यार्पुतालको संरक्षण विकास गर्न लागिएको हो। उक्त कार्यक्रमका लागि प्रदेश सरकारले १४ करोड बजेट विनियोजन गरेको छ।

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके